# श्री सर्वोच्च अदालतमा पेश गरेको

## निवेदनपत्र

**विषयः नेपालको संविधानको धारा ४६ तथा धारा १३३ (२) र (३) को आधारमा उत्प्रेषण, परमादेशलगायत उपयुक्त आज्ञा-आदेश वा पूर्जी जारी गरी पाउँ।**

भीमबहादुर भट्टराईको नाति, नेत्रकुमार भट्टराईको छोरा, संखुवासभा जिल्ला सभापोखरी गाउँपालिका वडा नं. २, स्थायी घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १०, रुद्रमति मार्ग, बानेश्वर बस्ने बस्ने वर्ष २३ को सुनिल भट्टराई, (मो. नं. ९८६३४३८१६२)............................................१ } *रिट निवेदक*

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबार, काठमाडौं..................१ } *विपक्षी प्रत्यर्थी*
परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाडौं..........................................१

**मुद्दा : उत्प्रेषण, परमादेश ।**

म निवेदक, सर्वोच्च अदालत नियमावली, २०७४ को अनुसूची ३ बमोजिम लाग्ने दस्तुर रु.५००/- यसैसाथ संलग्न गरी, नेपालको संविधानको धारा ४६, ऐ को १३३ (२) र (३), मुलुकी देवानी संहिता, २०७४ परिच्छेद ३ नागरिक अधिकार सम्बन्धी व्यवस्था अन्तर्गत दफा १७ र १८ समेतका आधारमा तलका प्रकरणमा लेखिए बमोजिम निवेदन गर्दछुः

१. म निवेदक मुलुकमा लोकतन्त्र, विधिको शासनमा विश्वास गर्ने एक सचेत नागरिक हुँ। पत्रकारिताको माध्यमबाट मैले सामाजिक न्याय, समानता, लोकतन्त्र, सुशासन र विधिको शासनको पक्षमा वकालत गर्दै आएको छु। राज्य र यसको कार्यकारिणीबाट भए/गरेका कामकारवाही मुलुक, लोकतन्त्र, विधिको शासन, समानता एवं न्यायको रोहमा अनुचित रहेमा त्यस्ता गैर संवैधानिक तथा गैर कानूनी कार्यको कानूनी उपचार खोज्नुलाई मैले नागरिक कर्तव्य ठानेको छु। राज्यको शासन विधिसम्मत र लोकतान्त्रिक मूल्य र मान्यताबमोजिम हुनुपर्दछ भन्नेमा मेरो पूरापूर

CamScanner

विश्वास रहेको छ। पछिल्ला राजनीतिक उथलपुथलपछि मुलुकमा निर्वाचन गराउने प्रयोजनका लागि वर्तमान सरकार गठन भएको हो। सरकारको मुख्य म्यान्डेट चुनाव गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नु रहेको छ। त्यसैले शासन सञ्चालनका क्रममा सरकारले संवैधानिक, कानूनी एवं लोकतान्त्रिक मूल्य-मान्यताको परिधिमा रहनुपर्दछ। तर सरकारले आफ्नो म्यान्डेटविपरीत विभिन्न ११ मुलुकमा कार्यरत राजदूत फिर्ता बोलाउने निर्णय गैरसंवैधानिक एवं गैरकानूनी तवरले गरेको छ। उक्त निर्णय बदर गर्न यो रिट निवेदन लिएर सम्मानित अदालत समक्ष आएको छु।

क. मुलुकमा २०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि मिति २०८२/०५/२७ मा राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको हो।. प्रधानमन्त्रीको नियुक्ति हुँदा नै ६ महिनाभित्र प्रतिनिधिसभाको अर्को निर्वाचन सम्पन्न गर्ने भनी म्यान्डेट दिइएको छ। नियुक्ति लगत्तै प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपतिले सोही दिन (मिति २०८२/०५/२७) को राति ११:०० बजेदेखि लागू हुने गरी तत्कालीन प्रतिनिधिसभा विघटन गर्नुभएको हो र राष्ट्रपतिले ऐ. ऐ. दिन नै मिति २०८२/११/२१ गतेका लागि नयाँ प्रतिनिधिसभाको निर्वाचनको मिति तोक्नुभएको हो।

ख. प्रधानमन्त्रीको नियुक्ति, तत्पश्चात भएको प्रतिनिधिसभा विघटन र नयाँ निर्वाचनको मिति घोषणाले वर्तमान प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकार चुनावी सरकार भएको स्वतः स्पष्ट छ। चुनावी सरकारले दैनिक प्रशासनिक कामकाज सञ्चालनका क्रममा गर्नै पर्ने निर्णयबाहेक मुलुकलाई दूरगामी असर पुऱ्याउने खालका अन्य कुनै निर्णय गर्न संवैधानिक एवं कानूनी दृष्टिकोणले उचित हुँदैन। मन्त्रिपरिषद्ले ११ मुलुकका राजदूतलाई बिना कारण फिर्ता बोलाउने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले मिति २०८२/०६/३० गते मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै जानकारी दिनुभएको छ।

ग. सरकारले फिर्ता बेलाएका राजदूतहरुमा चीनका प्रा.डा. कृष्णप्रसाद ओली, जर्मनीका डा. शैल रुपाखेती, इजरायलका प्रा. धनप्रसाद पण्डित, मलेसियाका डा. नेत्रप्रसाद तिमल्सिना, कतारका रमेशचन्द्र पौडेल, रुसका जंगबहादुर चौहान, साउदी अरबका नरेश विक्रम ढकाल, स्पेनका सनिल नेपाल, संयुक्त अधिराज्य बेलायतका चन्द्रकुमार घिमिरे, संयुक्त राज्य अमेरिकाका लोकदर्शन रेग्मी र जापानका डा. दुर्गाबहादुर सुवेदी रहनुभएको छ। सरकारले गत वर्ष साउनमा चीन, अस्ट्रेलिया, रुस, दक्षिण अफ्रिका र श्रीलङ्काका राजदूतलाई फिर्ता बोलाएको थियो। त्यसमध्ये कतिपय राजदूतले ९ महिना पनि कार्यभार सम्हाल्न पाएका छैनन्।

घ. मुलुकले राजनीतिक स्थिरता र स्थायित्व खोजेको छ। मुलुकमा प्रतिनिधिसभा विघटन भएको छ। मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा २९२ बमोजिम संसदीय सुनुवाइ विशेष समितिबाट अनुमोदन भई राष्ट्रपतिबाट नियुक्त राजदूतहरूलाई फिर्ता बोलाइएपछि प्रतिनिधिसभा विघटन रहेको अवस्थामा मन्त्रिपरिषद्ले नयाँ राजदूत नियुक्तिको सिफारिस गरे

CamScanner

पनि सुनुवाइ समिति नै नरहेको अवस्थामा नियुक्ति हुने अवस्थाको विद्यमानता रहेको छैन। यतिबेला मुलुकले राजनीतिक परिवर्तनलाई आफ्नो कूटनीतिमार्फत अवगत गराउँदै विश्व समुदायको विश्वास जितेर मुलुकमा स्वतन्त्र र भयरहित निर्वाचन सम्पन्न गरी जननिर्वाचित प्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्नुपर्नेमा राज्यको प्रतिनिधित्व गर्ने विदेशस्थित राजदूतहरूलाई फिर्ता बोलाउँदा विश्व समुदायमाझ कूटनीतिक 'भ्याकुम' सिर्जना हुने अवस्था प्रष्ट देखा परेको छ। कूटनीतिक निकायहरूलाई सक्रिय बनाउनुपर्नेमा संवैधानिक दायित्व र संवैधानिक नैतिकता विपरीत यसरी कूटनीतिक भ्याकुम सिर्जना गर्दा मुलुकको आर्थिक एवं कूटनीतिक क्षेत्रमा नकारात्मक प्रभाव पर्ने निश्चित छ।

ङ. सरकारले राजदूत फिर्दा बोलाउने निर्णय पनि छानिछानी र मनलाग्दो ढङ्गले गरेको छ। मन्त्रिपरिषद्ले एकै दिन सिफारिस गरेका कसैलाई फिर्ता बोलाएको छ भने कतिपय राजदूतलाई यथावत् रहन दिइएको छ। पूर्ववर्ती सरकारले सिफारिस गरी राष्ट्रपतिबाट नियुक्त अष्ट्रेलिया, दक्षिण कोरिया, दक्षिण अफ्रिका, डेनमार्क, श्रीलंका, बेल्जियम र क्यानडास्थित नेपाली राजदूतहरूलाई यथावत् राखिएको छ। फिर्ता बोलाइएका राजदूतहरूले के कति कारणले आफूहरूलाई निरन्तरता नदिइएको हो भनेर जानकारीसम्म पाएका छैनन्। नेपालको संविधानको धारा १८ ले सुनिश्चित समानताको हकविपरीत बिना कारण उल्लेखित राजदूत फिर्ता बोलाइएकोले सरकारको यो निर्णय असंवैधानिक छ।

२. मन्त्रिपरिषद्को उल्लेखित निर्णयमा दूषित मनसाय प्रष्ट देखिन्छ। यो रिट निवेदन केवल कुनै एक व्यक्ति वा समूहसँग सरोकार राख्ने नभई मूलत मुलुकको कूटनीतिक मान र प्रतिष्ठासमेत जोडिएको छ। मन्त्रिपरिषद्को उक्त निर्णयले विश्वसमुदायमा हुन लागेको नेपालको कूटनीतिक 'भ्याकुम' तथा चुनावी सरकारले गरेको दूरगामी महत्त्वको निर्णयलाई रोक्न वा बदर गराउन प्रचलित कानून बमोजिम अन्य बैकल्पिक उपचारको बाटो नभएको हुँदा यो रिट निवेदन लिएर आएको हुँ।

३. अतः मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा २९२ बमोजिम संसदीय सुनुवाइ विशेष समितिद्वारा अनुमोदन भई राष्ट्रपतिद्वारा संविधानको धारा २८२ बमोजिम नियुक्त माथि उल्लेख भएबमोजिमका राजदूतहरू फिर्ता बोलाउने निर्णय असंवैधानिक छ। यसबाट संविधानको धारा १८ को समानताको हक, सरकारलाई प्राप्त म्याण्डेटसमेतका दृष्टिकोणबाट निर्वाचनको म्याण्डेट पाएको सरकारले गरेको उक्त निर्णय उत्प्रेषणका आधारमा बदर गरी उक्त निर्णय कार्यान्वयन नगर्न नगराउन परमादेशलगायत उपयुक्त आज्ञा, आदेश जारी गरी पाऊँ।

४. सरकारले मिति २०८२/०७/२० गतेभित्र ११ जना राजदूतलाई फिर्ता बोलाउने निर्णय गरिसकेको, यही सरकारले तत्काल राजदूत नियुक्त गरी संसदीय सुनुवाईबाट रिक्त राजदूतहरूको नियुक्ति/परिपूर्ति गर्न सक्ने अवस्थाको विद्यमानता नरहेको हुँदा उक्त निर्णय तत्काल कार्यान्वयन हुन गएमा कूटनीतिक 'भ्याकुम' हुन जाने भई मुलुकलाई दूरगामी असर पर्ने भएकोले प्रस्तुत रिटको अन्तिम किनारा

नहुँदासम्मको मन्त्रिपरिषदबाट मिति २०८२/०६/३० मा भएको निर्णय कार्यान्वयन नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी पाऊँ।

५. प्रस्तुत रिट निवेदनमा उठाइएको विषयवस्तु संवैधानिक, मौलिक हक सम्बन्धी व्यवस्था अन्तर्गतको हकहरु मुख्यतः समानता, वैयक्तिक स्वतन्त्रता, पेशा-व्यवसाय सम्बन्धी महत्त्वपूर्ण हक र राष्ट्रको वैदेशिक सम्बन्धसँग सम्बन्धित संवेदनशील विषय भएकोले यथासम्भव चाँडो निर्णयमा पुग्न आवश्यक भएको हुँदा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ७३(१) बमोजिम प्राथमिकतामा राखी अग्राधिकारसमेत दिलाइ पाउन सादर निवेदन गर्दछु।

६. यस मुद्दा/विषयमा यसअघि मैले कहीं कतै सम्मानित अदालतमा चुनौती दिएको छैन।

७. प्रस्तुत मुद्दामा हाल कानून व्यवसायी मुकरर गरेको छैन। मेरो तर्फबाट पछि नियुक्त हुने कानून व्यवसायीको बहसलाई समेत यसै निवेदनको अङ्ग मानिपाऊँ।

८. यो मुद्दा हेर्ने कार्य क्षेत्र, नेपालको संविधानको धारा १३३ (२) र (३) अनुसार यसै सम्मानित सर्वोच्च अदालतमा रहेको छ।

९. संलग्न कागजातहरू

क. म निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी.......................................१

ख. मन्त्रिपरिषद्ले राजदूत फिर्ता बोलाउने निर्णय गरेको सरकारका प्रवक्ताले जानकारी दिँदै गरेको भिडियो फुटेज (पेनड्राइभ).......................................................................१

ग. प्रधानमन्त्री नियुक्तिबारे राष्ट्रपतिको कार्यालयद्वारा जारी विज्ञप्तिको फोटोकपी....................१

घ. प्रतिनिधिसभा विघटन र नयाँ निर्वाचनको मिति घोषणाबारे राष्ट्रपतिको कार्यालयद्वारा जारी विज्ञप्तिको फोटोकपी.............................................................................१

यसमा लेखिएको व्यहोरा साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज सुनिल भट्टराई

इति संवत् २०८२ साल कात्तिक महिना २ गते रोज १ शुभम्.................................. ।

CamScanner